WORKING TOGETHER
CDS

childaid network

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# वार्षिक प्रगति प्रतिवेदन २०२३
















# संस्थागत परिचय

सामुदायिक विकास समाज २०५८ साल असोज ८ गते जिल्ला प्रशासन कार्यालय रामेछापमा दर्ता भई मुलतः रामेछाप जिल्लामा क्रियाशिल गरीबमुखि विशुद्ध सामाजिक संस्था हो । यस संस्थाले स्थापनाकालदेखि नै रामेछाप जिल्लामा गरिब तथा छेउलागेको वर्गलाई स्थानीय स्रोत साधनको परिचालन र विकासको अवसर, उपलब्ध श्रोत-साधन माथिको पहूँच तथा नियन्त्रण कायम गर्न समक्ष बनाई सामाजिक-आर्थिक रूपान्तरण मार्फत विकासको मूलप्रवाहमा सहभागि गराउन क्षमता अभिवृद्धि, कृषि तथा सीपमा आधारित आयआर्जन तथा उद्यमशीलता, मागमा आधारित साना सामुदायिक भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य तथा सरसफाइ, नविकरणीय उर्जा तथा वातावरण संरक्षण, महिला शक्तिकरण र वाला संरक्षणको क्षेत्रमा काम गर्दै आइरहेको छ । २०७२ वैशाख ११ गतेको विनाशकारी भुकम्प पश्चात यस संस्थाले आवास सहयोग तथा विपद जोखिम न्यूनिकरणको क्षेत्रमा समेत काम गरिरहेको छ । यस संस्था रामेछाप जिल्लाको विकासमा पुऱ्याएको योगदानको कदर स्वरूप जिल्ला विकास समिति रामेछापद्वारा २ पटक उत्कृष्ट संस्थाको रूपमा पुरस्कृत भइसकेको छ ।

## परिकल्पना

**"आत्मनिर्भर, स्वस्थ र समतामुलक समाजको स्थापना"**

- आत्मनिर्भर भन्नाले आफ्नै आम्दानीबाट आधार भूत आवश्यकताहरू (गाँस, वास, कपास, शिक्षा र स्वास्थ्य) पुरा गरी केही वचाउन सक्ने भै स्वनिर्णय गर्न सक्षम भन्ने वुझिन्छ ।
- स्वस्थ र समतामुलक समाज भन्नाले विभिन्न वर्ग, जात जाती र हैसियत भएका व्यक्तिहरू वीच विना भेदभाव सहअस्तित्व स्वीकार्दै प्राप्त स्रोत साधान र अवसरहरूमा प्रत्येक व्यक्तिहरूको समान पहूँच तथा नियन्त्रण सहतिको समझदारी र सौहार्दतामा आधारित समाज भन्ने वुझिन्छ ।

## उद्धेश्यहरू

- समुदायलाई संगठित गर्नको लागि सामाजिक परिचालन वा सामुदायिक विकास सम्वन्धी कार्यक्रमहरू संचालन गर्ने ।
- गरिबी न्यूनिकरण तथा छेउलागेको वर्गको जीवनस्तरसुधारका लागि आयमुलक र सीपमुलक कार्यक्रमहरू संचालन गर्ने ।
- छेउलागेका वर्गका शिक्षामा पहूँच साथै शैक्षिक गुणस्तरका लागि आर्थिक, भौतिक तथा शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- महिला, दलित, तथा उत्पीडितहरूको सामाजिक जीवनस्तर सुधार्न विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।
- बालशिक्षा, बालअधिकार, बालश्रम जस्ता बालसरोकारका क्षेत्रमा काम गरी बाल विकासमा सहयोग पुऱ्याउने ।
- स्थानीयस्तरका संघसंस्थाको क्रियाशिलता वृद्धि गरी सामाजिक रूपान्तरणमा सहयोग गर्न तालिम, परामर्श, आर्थिक, भौतिक सहयोगका साथै साझेदारितामा कार्यक्रम संचालन गर्ने ।
- लक्ष्य प्राप्तीका लागि आवश्यकता अनुसारको अन्य कार्यक्रमहरू गर्ने ।

## मुल लक्ष्य

- जोखिममा परेका समुदायको सर्वाङ्गिण विकासका लागि सघाउने साथै उनीहरूको प्रतिस्पर्धी क्षमताको विकास गराउने ।

# हाम्रो भनाई

नेपालको सन्दर्भमा करिब दैनिक २००० भन्दा बढी युवाहरू कामको खोजिमा विदेशिनु परिरहेको छ । देशको कुल जनसंख्याको करिब ४०.६८ प्रतिशत युवा जनसंख्या रहेको वर्तमान अवस्थामा पनि देशले खासै जनसांख्यिक लाभ लिन सकेको छैन । रोजगारीको सिलशिलामा युवाहरू विदेशिनु परेको कारण गाँउघरमा युवाहरू पाउन गाह्रो भएको छ भने अर्को तिर भएका युवाहरू समेत रोजगारको अवसर पाउन नसक्दा युवा शक्ति त्यतिकै खेर गइरहेको छ ।

नेपाल सरकारले सन् २०३० सम्ममा हाल ३५.८ प्रतिशत रहेको युवा वेरोजगार दरलाई १० प्रतिशतमा झार्ने अर्थात ७५ प्रतिशत युवालाई रोजगारी सृजना गर्ने लक्ष्य लिइएको देखिन्छ । नेपालको संविधान २०७२ ले पनि धारा ३३ मा मौलिक हक अन्तरगत "प्रत्येक व्यक्तिलाई रोजगारीको हक हुनेछ" भनेर रोजगारीलाई मौलिक हकको रूपमा स्पष्ट उल्लेख गरेको छ । त्यसै गरी नेपालले गरेको साझा अन्तराष्ट्रिय प्रतिवद्धता अर्थात दीगो विकास लक्ष्य अन्तरगत लक्ष्य ८ मा सबैका लागि भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सवैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने भन्ने कुरा उल्लेख छ । तर व्यवहारमा यति सजिलै रोजगारी सृजना हुने अवस्था भने देखिदैन ।

वास्तवमा वेरोजगार दर घटाउने हो भने युवाहरूलाई स्वरोजगार बनाउनु आवश्यक छ । युवाहरूलाई कुनै कलकारखाना, उद्योग, सरकारी, गैरसरकारी वा नीजि क्षेत्रमा रोजगारी प्राप्त हुने अवस्था निकै न्यून हुदाँ वरू उनीहरूलाई आवश्यक व्यवसायिक ज्ञान सीप दिइ कुनै व्यवसाय वा उद्यम संचालनका लागि उत्प्रेरित गरी स्वरोजगार हुने बाटो तर्फ उत्प्रेरित गर्न सकेमा कामको खोजिमा विदेशिने अवस्थाको अन्त हुनेछ भने अर्को तिर सुखि र समृद्ध नेपाल निर्माणको लागि समेत महत्वपूर्ण टेवा पुग्नेछ । रोजगारी वहुआयमिक विषय भएकोले १ जना मात्र स्वरोजगार हुदा यसले धेरै तिर प्रभाव पार्दछ । परिवारको शिक्षा, स्वास्थ्य, आत्मसम्मन लगायत गरीबीको अन्त्य, भोकमारीको अन्त्य, सुस्वास्थ्य तथा समृद्ध जीवन, लैगिक समनता जस्ता दीगो विकास लक्ष्य प्राप्तिमा समेत महत्वपूर्ण योगदान पुग्दछ । समग्र राष्ट्रिय विकास र समृद्धिमा समेत योगदान पुग्दछ ।

यसै सन्दर्भमा रामेछाप जिल्लाको दक्षिण पश्चिम क्षेत्रका खाँडादेवी, सुनापती र दोरम्बा शैलुङ गाउँपालिकाका युवाहरूलाई उनिहरूको रूची, माग र सम्भाव्यताको आधारमा प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम संचालन गरी रोजगार/स्वरोजगार सृजना गरी जीवनस्तरमा सुधार ल्याउने उद्धेश्यका साथ चाइल्ड एड नेटवर्क, जर्मनीको आर्थिक सहयोगमा संचालित यस परियोजनाले सन् २०२२ सेप्टेम्वरदेखि डिसेम्वर २०२५ सम्म प्राविधिक तथा व्यवसायिक सीप र कृषि तालिम मार्फत रोजगार सिर्जना र उद्यमशीलता प्रवर्धन परियोजना संचालनमा गरिएको छ ।

यसर्थ यस परियोजनाले सन् २०२३ मा ९ वटा उद्यमी तथा कृषि समूह गठन तथा सहजिकरण गर्नुका साथै १७ वटा ३९० घण्टा प्राविधिक सीप विकास तालिम, २ वटा १५ दिने छोटो अवधिको प्राविधिक तालिम र ३५ वटा कृषि तालिम संचालन गर्नुका साथै २५ जना उद्यमीहरूलाई विभिन्न व्यवसायिक सहयोग अन्तर्गत फर्निचर, मेशिन औजार/उपकरण वितरण गरेको छ यसका साथै यसै अवधिमा ११ वटा व्यवसायको सीप प्राप्त युवाहरूको  सीप परीक्षण परीक्षा आयोजना गरी १४८ जना प्रशिक्षार्थीहरूले तह १ परीक्षा उत्तिर्ण गरेका छन् । साथै तालिमका सहभागिहरूलाई सिकेको सीपको आधारमा आवश्यक व्यवसाय संचालन गर्नका लागि आवश्यक पूँजिको लागि बचत मार्फत पूँजि निर्माण गर्ने, संगठित रूपमा आइपर्ने समस्याहरूको समधान गर्ने र स्रोत, साधन र हक अधिकारका लागि पैरबी गर्ने लगायतका कामहरू गरिएको छ ।

**प्राविधिक तथा कृषि तालिम मार्फत रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धन परियोजना संघीय आर्थिक सहायता तथा विकास मन्त्रालय (BMZ)/चाइल्ड एड नेटवर्क (CAN) जर्मनी**को आर्थिक सहयोगमा रामेछाप जिल्लाको ३ वटा पालिकाहरू खाँडादेवी, सुनापती र दोरम्वा शैलुङ गाउँपालिकामा सेप्टेम्वर २०२२ देखि संचालन गरिएको थियो । मुलतः प्राविधिक सीपमुलक तालिम लिई व्यवसाय वा रोजागारी गर्न चाहाने युवाहरू साथै कृषिको सुधार तथा व्यवसायिकरण गर्न चाहाने कृषकहरूको माग र आवश्यकता बमोजिम तालिम प्रदान गरी रोजगारी सिर्जना तथा उद्यमशीलता प्रबर्द्धन गर्ने उद्धेश्य लिएको छ । परियोजनाले ९४० जना युवाहरूलाई प्राविधिक सीपमुलक तालिम प्रदान गर्ने १८० जना युवालाई उद्यम स्थापना तथा प्रवर्द्धनको लागि सहयोग गर्ने साथै १००० जना कृषकहरूलाई छोटो अवधीको तालिम मार्फत कृषिको सुधार तथा व्यवसायिकरण सम्वन्धी ज्ञान प्रदान गरी ४२ जना अगुवा कृषकहरू मार्फत नमूना कृषि फर्महरू स्थापना गर्न सहयोग गर्ने लगायत अन्य प्राविधिक सहयोग परामर्श प्रदान गर्ने मुख्य उद्धेश्य रहेको छ ।



# परियोजना संक्षेप

| | |
|---|---|
| Project Name<br>परियोजनाको नाम | Vocational & Agriculture Training to Promote Entrepreneurship Project<br>प्राविधिक तथा कृषि तालिम मार्फत रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धन परियोजना |
| Project Duration<br>परियोजनाको अवधि | 01st September 2022 -31st December 2025<br>१ सेप्टेम्वर २०२२ - ३१ डिसेम्वर २०२५ |
| Funded By<br>आर्थिक सहयोग | Child Aid Network<br>चाइल्ड एड नेटवर्क |
| Implementing Partner<br>कार्यान्वयन गर्ने संस्था | Community Development Society (CDS)<br>सामुदायिक विकास समाज, मन्थली रामेछाप |
| Working Area<br>कार्यक्षेत्र | Sunapati, Doramba Sailung and Khandadevi Rural Municipality<br>सुनापती, दोरम्वा शैलुङ र खाँडादेवी गाउँपालिका |
| Annual Budget<br>वार्षिक वजेट | NRs. 3,96,98,837<br>रू. ३,९६,९८,८३७/- |
| Number of Staff<br>कर्मचारी संख्या | 15 (Male: 10 and Female : 5)<br>१५ जना (पुरूष : १० र महिला : ५) |

## परियोजनाको लक्ष्य

- रामेछाप जिल्लाका वेरोजगार युवाहरू जसले व्यवसायिक सीप प्राप्त गरी आत्म सम्मानका साथ जिवीकोपार्जन गर्दै आफ्नो व्यावसायिक सफलताबाट स्थानीय तहको सामाजिक, आर्थिक विकासमा योगदान पुऱ्याउने ।

## परियोजनाको उद्धेश्यहरू

- ९४० जना वेरोजगार लक्षित युवाहरूलाई व्यावसायिक सीप (Vocational Training) प्रदान गर्ने ।
- व्यावसायिक सीप Vocational Training प्राप्त गरेका युवाहरूको CTEVT/NSTB संगको सहकार्यमा तह १ वा तह २ को सीप परिक्षण गराउने ।
- १००० जना लक्षित युवाहरूलाई व्यावसायिक कृषि तालिम मार्फत व्यावसाय स्थापना तथा रोजगारी सिर्जना गर्ने ।
- वेरोजगार युवाहरूलाई व्यावसायिक सीप तथा कृषि तालिम प्रदान गरी व्यावसाय प्रर्वद्धन तथा रोजगारी सुनिश्चितताको पहल/समन्वय गर्ने ।
- ४२ जना अगुवा कृषक (Master Farmers) तयार गरी व्यावसायिक कृषिको दीगोपना प्रदान गर्ने सहजीकरण गर्ने ।
- २१ वटा उद्यमी/कृषक समूह गठन गर्ने र वचत तथा ऋण परिचालनका क्रियाकलापहरूमा सहजीकरण गर्ने
- गाउँपालिका स्तरीय उद्यमी सञ्जाल स्थापना, दर्ता तथा क्षमता विकासका कार्यहरू गर्ने ।
- गाउँ/नगरपालिकाको उद्यम विकास रणनीतिक योजना निर्माणमा सहजिकरण गर्ने ।

# विषयगत प्राथमिकताहरू (Thematic Priorities):




## परियोजनाको लक्षित वर्ग:

रामेछाप जिल्लाका दक्षिण पश्चिम क्षेत्रका ३ वटा गाउँपालिकाहरू खाँडादेवी, सुनापती र दोरम्बा शैलुङ गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने बेरोजगार युवा (१६-३९ वर्ष), अति विपन्न, महिला (कम्तिमा ३०%), सिमान्तकृत, दलित, जनजाती तथा अन्य समूदायका युवाहरू नै यस परियोजनाका लक्षित वर्ग हुन् ।







# संचालित मुख्य गतिविधिहरू

परियोजना मार्फत **सन् २०२३ मा सम्पन्न भएका क्रियाकलापहरू ।**

- १७ वटा ३९० घण्टे तालिम संचालन ।
- २ वटा १५ दिने छोटो अवधीको तालिम संचालन ।
- ३५ वटा कृषि तालिम संचालन ।
- ११ वटा सीप परीक्षण परीक्षा संचालन ।
- ६ वटा उद्यमशील समूह गठन तथा परिचालन ।
- ३ वटा कृषिसमूह गठन तथा परिचालन ।
- ३७ जना सीलाइ कटाइ तालिमका सहभागिहरूलाई औजार उपकरण सहयोग ।
- २५ जना युवाहरूका लागि व्यवसाय शुरू सहयोग ।
- २७ जना अगुवा कृषक छनौट तथा परिचालन ।
- ६२३ जना कृषका लागि व्याकस्टपिङ सहयोग ।
- १८ वटा व्यवसायिक उत्प्रेरणा तथा जीवन उपयोगी सीप तालिम ।
- ३ वटा पालिकास्तरीय परियोजना अभिमुखिकरण ।
- १७ वडा स्तरीय परियोजना अभिमुखिकरण ।
- २ वटा परियोजना सल्लाहकार समितिको वैठक आयोजना ।
- दातृ निकायबाट परियोजना अनुगमन ।
- ३ वटा पालिकाको १७ वटा वडाहरूमा परियोजना सूचना पाटी स्थापना ।
- कर्मचारी क्षमता विकास तालिमहरू सञ्चालन ।
- नियमति कृषक तथा उद्यमी समूहहरूको बैठक सञ्चालन ।
- ६ वटा समूह लाई श्रोत परिचालन तथा सम्बन्ध बिस्तार तालिम प्रदान ।
- ६३ जना सीपयुक्त युवाहरूलाइ तालिम प्रदायक संस्थाको सहजिकरणमा ।
- विभिन्न रोजगार दाता निकायको पहिचान गरी रोजगारीमा आबद्ध ।




## प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम संचालन (३९० घण्टे)

परियोजनाले सुनापती र खाँडादेवी गाउँपालिकामा गरी कुल १७ वटा लामो अवधीको (३९० घण्टे) प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम संचालन गरेको छ । युवाहरूको चाहना, माग र सम्भाव्यताको आधारमा टेलरिङ, मोटर रिवाइन्डिङ, विल्डिङ इलेक्ट्रिसियन, कुकिङ, कम्प्युटर, मोटरसाइकल मर्मत, व्युटिपार्लर, गलैचा बुनाइ जस्ता तालिमहरू संचालन गरिएको थियो । तालिमबाट कुल २९३ जना युवाहरू लाभान्वित भएका थिए ।

# प्राविधिक तथा व्यवसायिक सीप विकास तालिमको विवरण

| क्र.सं | तालिमहरू | स्थान | संख्या | सहभागि |
|---|---|---|---|---|
| १ | टेलरिङ तालिम | खाँडादेवी-५, गोगनपानी | १ वटा | १७ जना |
| २ | मोटर रिवाइन्डिङ तालिम | खाँडादेवी-५, गोगनपानी | १ वटा | १७ जना |
| ३ | विल्डिङ इलेक्ट्रिसियन | खाँडादेवी-१, राकाथुम | १ वटा | २० जना |
| ४ | टेलरिङ तालिम | खाँडादेवी-४, भिमसेनथान, पकरवास | १ वटा | १५ जना |
| ५ | कुकिङ तालिम | खाँडादेवी-६, माकादुम | १ वटा | १७ जना |
| ६ | कम्प्युटर तालिम | खाँडादेवी-६, माकादुम | १ वटा | २० जना |
| ७ | व्युटिपार्लर तालिम | खाँडादेवी-५, ठाँटी | १ वटा | २० जना |
| ८ | मोटरसाइकल मर्मत तालिम | खाँडादेवी-७, टिमु | १ वटा | १६ जना |
| ९ | विल्डिङ इलेक्ट्रिसियन तालिम | खाँडादेवी-८, मेर्गपा | १ वटा | १८ जना |
| १० | टेलरिङ तालिम | सुनापती ४, वेथान | १ वटा | २१ जना |
| ११ | मोटर रिवाइन्डिङ तालिम | सुनापती-३, हिलेदेवी | १ वटा | १६ जना |
| १२ | टेलरिङ तालिम | सुनापती १, गुन्सी | १ वटा | २१ जना |
| १३ | व्युटिपार्लर तालिम | सुनापती-३, हिलेदेवी | १ वटा | १८ जना |
| १४ | विल्डिङ इलेक्ट्रिसियन | सुनापती-२, मानपुर | १ वटा | १७ जना |
| १५ | गलैचा वुनाइ तालिम | सुनापती-२, दिमीपोखरी | १ वटा | २० जना |
| १६ | कम्प्युटर तालिम | सुनापती-५, खनियापानी | १ वटा | २१ जना |
| १७ | कुक तालिम | सुनापती-४, जोम्सा, बेथान | १ वटा | २० जना |








# प्राविधिक तथा व्यवसायिक सीप विकास तालिममा सहभागी महिला पुरुषको विवरण (खाँडादेवी गाउँपालिका)









# प्राविधिक तथा व्यवसायिक सीप विकास तालिममा सहभागी महिला पुरुषको विवरण (सुनापती गाउँपालिका)







## छोटो अवधीको प्राविधिक सीप विकास तालिम :

परियोजनाले सुनापती र खाँडादेवी गाउँपालिकामा गरी कुल २ वटा छोटो अवधी (१५ दिने) प्राविधिक सीप विकास तालिम संचालन गरेको छ । युवाहरूको चाहना, माग र सम्भाव्यताको आधारमा हस्पिटालिटि एण्ड कुकिङ, वरिष्टा कफि तालिमहरू संचालन गरिएको थियो । तालिममा ३८ जना युवाहरू सहभागि भएका थिए । परियोजनाद्वारा सञ्चालित छोटो अवधिको प्राविधिक सीप विकास तालिमको विवरण तल उल्लेख गरिएको छ ।

| क्र.सं | तालिमहरू | स्थान | संख्या | सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १ | हस्पिटालिटि एण्ड कुकिङ तालिम | सुनापती गा.पा.-२, गाल्पा बजार | १ वटा | २० जना | |
| २ | वरिष्टा कफि तालिम | सुनापती गा.पा.-४, जोम्सा, बेथान | १ वटा | १८ जना | |
| **जम्मा** | | | | ३८ जना | |







# कृषि तालिम संचालन :

कृषकहरूको परम्परागत ज्ञान, सीप र धारणामा परिवर्तन ल्याइ उनिहरूलाई व्यवसायिक कृषि तर्फ उत्प्रेरित गर्ने उद्धेश्यले कुल ३५ वटा ७ दिने कृषि तालिमहरू संचालन गरिएको छ । कृषकहरूको चाहना र माग बमोजिम तरकारी खेती, बाख्रापालन, अदुवा-बेसार खेती, हाते ट्र्याक्टर मर्मत, मौरीपालन, फलफूल खेती, वंगुरपालन र चाउमिन बनाउने तालिमहरू संचालन गरिएको छ । तालिम मार्फत ६२३ जना कृषकहरू लाभान्वित भएका छन् ।







# परियोजना द्वारा खाँडादेवी गाउँपालिकामा सञ्चालित
## ७ दिने कृषि तालिमको विवरण

| क्र.सं | तालिमहरू | स्थान | संख्या | सहभागी | कै. |
|---|---|---|---|---|---|
| १ | बेमौसमी तरकारी खेती तालिम | खाँडादेवी-७, टिमु | १ वटा | २० जना | |
| २ | बाख्रापालन तालिम | खाँडादेवी-७, टिमु | १ वटा | १७ जना | |
| ३ | बाख्रापालन तालिम | खाँडादेवी-५, गोगनपानी | १ वटा | १८ जना | |
| ४ | बाख्रापालन तालिम | खाँडादेवी-४, खोक | १ वटा | १५ जना | |
| ५ | बाख्रापालन तालिम | खाँडादेवी-४, सुतारगाऊँ | १ वटा | २२ जना | |
| ६ | बेमौसमी तरकारी खेती तालिम | खाँडादेवी-४, माडिमुहान | १ वटा | २२ जना | |
| ७ | अदुवा, वेसार खेती तालिम | खाँडादेवी-९, गोगने | १ वटा | २१ जना | |
| ८ | बाख्रापालन तालिम | खाँडादेवी-९, पिङ्खुरी | १ वटा | २३ जना | |
| ९ | बाख्रापालन तालिम | खाँडादेवी-५, फुर्केसल्ला | १ वटा | २५ जना | |
| १० | बाख्रापालन तालिम | खाँडादेवी-२, मझुवा | १ वटा | २४ जना | |
| ११ | बेमौसमी तरकारी खेती तालिम | खाँडादेवी-३, डव्खा | १ वटा | १७ जना | |
| १२ | बाख्रापालन तालिम | खाँडादेवी-८, धुलेवेसी | १ वटा | २४ जना | |
| १३ | मौरीपालन तालिम | खाँडादेवी-७, गाल्पा | १ वटा | १९ जना | |
| १४ | बेमौसमी तरकारी खेती तालिम | खाँडादेवी-१, चापवोट | १ वटा | २१ जना | |
| १५ | कुखुरापालन तालिम | खाँडादेवी-६, खत्रिगाउँ | १ वटा | २१ जना | |
| १६ | हाते ट्रयाक्टर मर्मत तालिम | खाँडादेवी-६, माकादुम | १ वटा | २० जना | |
| १७ | बेमौसमी तरकारी खेती तालिम | खाँडादेवी-८, गागल | १ वटा | २५ जना | |
| १८ | बेमौसमी तरकारी खेती तालिम | खाँडादेवी-१, वेलघारी | १ वटा | १९ जना | |
| १९ | मौरीपालन तालिम | खाँडादेवी-२, निगालपानी | १ वटा | २१ जना | |
| | जम्मा | | १९ वटा | ३९५ जना | |





# परियोजनाद्वारा सुनापती गाउँपालिकामा सञ्चालित ७ दिने कृषि तालिमको विवरण

| क्र.सं | तालिमहरु | स्थान | संख्या | सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेमौसमी तरकारी खेती तालिम | सुनापती-२, चाँपस्वारा | १ वटा | १९ जना | |
| २ | बेमौसमी तरकारी खेती तालिम | सुनापती-२, मानपुर | १ वटा | १९ जना | |
| ३ | बाख्रापालन तालिम | सुनापती-३, स्वाँरा | १ वटा | १७ जना | |
| ४ | बाख्रापालन तालिम | सुनापती-१, गुन्सि | १ वटा | १९ जना | |
| ५ | फलफूल खेती तालिम | सुनापती-१, वोझिनी | १ वटा | २६ जना | |
| ६ | बाख्रापालन तालिम | सुनापती-४, जोम्सा | १ वटा | २२ जना | |
| ७ | बंगुरपालन तालिम | सुनापती-३, साँदी | १ वटा | १८ जना | |
| ८ | किवी प्रशोधन तालिम | सुनापती-२, चाँपस्वाँरा | १ वटा | २१ जना | |
| ९ | मौरीपालन तालिम | सुनापती-५, रूपाकोट | १ वटा | १८ जना | |
| १० | वेमौसमी तरकारी खेती तालिम | सुनापती-५, लोफ्रा | १ वटा | २२ जना | |
| ११ | वेमौसमी तरकारी खेती तालिम | सुनापती-४, भ्याँसा | १ वटा | १७ जना | |
| १२ | किवि खेती तालिम | सुनापती-३, डोग्मा | १ वटा | १९ जना | _ |
| | जम्मा | | १२ वटा | २३७ जना | |

# परियोजनाद्वारा दोरम्बा शैलुङ गाउँपालिकामा सञ्चालित ७ दिने कृषि तालिमको विवरण

| क्र.सं | तालिमहरू | स्थान | संख्या | सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १ | किवि प्रशोधन तालिम | दोरम्बा शैलुङ गाउँपालिका -२, मानेटोल | १ वटा | २४ जना | |
| २ | बाखापालन तालिम | दोरम्बा शैलुङ गाउँपालिका -१, वालुवा | १ वटा | २१ जना | |
| ३ | किवी प्रशोधन तालिम | दोरम्बा शैलुङ गाउँपालिका -१, डढुवा | १ वटा | २२ जना | |
| ४ | चाउमिन बनाउने तालिम | दोरम्बा शैलुङ गाउँपालिका -३, टोकरपुर | १ वटा | २० जना | |
| **जम्मा** | | | **४ वटा** | **८७ जना** | |







## सीप परीक्षण परीक्षा संचालन :

लामो अवधीको प्राविधिक सीप विकास तालिम लिएका युवाहरूलाई तालिमका सहभागिहरूलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training, CTEVT) मार्फत नेपाल सीप परीक्षण बोर्ड (Nepal Skill Test Board, NSTB) को मापदण्ड बमोजिम सम्वन्धी गाउँपालिकामा सीप परिक्षण परीक्षा आयोजना गरेको थियो । सीप परीक्षण परीक्षामा सहभागि भएका १७१ जना मध्ये १४८ जना (८६.५ प्रतिशत) उत्तिर्ण भएका थिए । सीप परीक्षण परीक्षामा सहभागि तथा उर्त्तिण सम्वन्धी थप विवरण तल तालिकामा दिइएको छ ।







# सीप परीक्षण सम्वन्धी विवरण

| सीप परीक्षण परीक्षा | स्थान | मिति | सहभागि संख्या | उत्तिर्ण संख्या |
|---|---|---|---|---|
| सीलाइ कटाइ | खाँडादेवी गा.पा.-५ गोगनपानी | २०८०-०६-१८ | १४ जना | १२ जना |
| सीलाइ कटाइ | खाँडादेवी गा.पा.-४, भिमसेनथान | २०८०-०६-१९ | १३ जना | १२ जना |
| सीलाइ कटाइ | सुनापती गा.पा.-४ बेथान | २०८०-०६-१७ | १९ जना | १४ जना |
| सीलाइ कटाइ | सुनापती गा.पा.-१ गुन्सी | २०८०-०६-१६ | १७ जना | ११ जना |
| ब्युटीपार्लर | सुनापती गा.पा.-३ हिलेदेवी | २०८०-०६-२० | १५ जना | १५ जना |
| ब्युटीपार्लर | खाँडादेवी गा.पा.-५, ठाँटी | २०८०-०७-१९ | १८ जना | १३ जना |
| इलेक्ट्रिकल मोटर मर्मत | खाँडादेवी गा.पा.-५, गोगनपानी | २०८०-०६-१८ | १२ जना | १२ जना |
| इलेक्ट्रिकल मोटर मर्मत | सुनापती गा.पा.-३ साँदी | २०८०-०६-१९ | १३ जना | १३ जना |
| विल्डिङ्ग इलेक्ट्रिसियन | खाँडादेवी गा.पा.-१ राकाथुम | २०८०-०६-२१ | १६ जना | १५ जना |
| कुक तालिम | खाँडादेवी गा.पा.-६ माकादुम | २०८०-०६-२१ | १७ जना | १५ जना |
| विल्डिङ्ग इलेक्ट्रिसियन | सुनापती गा.पा.-२ मानपुर | २०८०-०७-२० | १७ जना | १६ जना |
| **जम्मा** | | | **१७१ जना** | **१४८ जना** |



## उद्यमी र कृषि समूह गठन तथा परिचालनः


यस परियोजना अन्तरगत लामो अवधीको प्राविधिक सीप विकास तालिम प्राप्त गरेका युवाहरूलाई समेटेर ६ वटा उद्यमशील समूह गठन गरिएको छ । साथै यस अवधिमा ३ वटा कृषि समूह गठन गरी गठित समूहमा मासिक रूपमा वैठक सहजिकरण गरी बचतको महत्व, व्यवसाय संचालनमा ध्यान दिनु पर्ने पक्षहरू, आउन सक्ने चुनौतीहरू, बजार व्यवस्थापन, समूह संजालको महत्व लगायतका विषयहरूमा छलफल गरी तालिममा सिकेका सीप बमोजिम व्यवसाय संचालन गर्नका लागि उत्प्रेरित गर्ने साथै भोगेका समस्याहरूलाई सामूहिक रूपमा समधानका लागि उत्प्रेरित गरिएको छ ।





## परियोजनाले गठन गरेका कृषि तथा उद्यमशील समूह सम्वन्धी विवरण

| क्र.सं | समूहको नाम | ठेगाना | सदस्य संख्या |
|---|---|---|---|
| १ | राधाकृष्ण उद्यमशील समूह | सुनापती-१, गुन्सी | १४ जना |
| २ | सुनापती उद्यमशील समूह | सुनापती-४, बेथान | १४ जना |
| ३ | दिमीपोखरी उद्यमशील समूह | सुनापती-२, दिमिपोखरी | २० जना |
| ४ | प्रगतीशिल उद्यमशील समूह | खाँडादेवी-५, गोगनपानी | १५ जना |
| ५ | सगरमाथा उद्यमशील समूह | खाँडादेवी-६, माकादुम | १८ जना |
| ६ | भिमसेनस्थान उद्यमशील समूह | खाँडादेवी-४, भिमसेनस्थान | १६ जना |
| ७ | जागृती कृषि तथा पशुपालन समूह | सुनापती-१, बोभिनी | २६ जना |
| ८ | कालीदेवी कृषि तथा पशुपालन समूह | खाँडादेवी-९, गोगने | २१ जना |
| ९ | नमुना कृषि तथा पशुपालन समूह | खाँडादेवी-७, टिमु | २१ जना |
| | जम्मा | | १६५ जना |




JUKI

# औजार उपकरण सहयोगः

यस परियोजना अन्तरगत सीलाइ कटाइ सीप विकास सम्वन्धी लामो अवधीको प्राविधिक सीप विकास तालिम प्राप्त गरेका युवाहरूलाई निश्चित मापदण्ड बनाइ छनौट भएका पचास प्रतिशत युवाहरूलाई परियोजनाको नियमानुसार औजार तथा उपकरण हस्तान्तरण गरिएको छ । यसै क्रममा ३७ जना युवा महिला उद्यमीहरूलाइ १/१ वटाका दरले सीलाइ मेशिन, आइरन, स्केल तथा कैंची हस्तान्तरण गरिएको छ । यसरी प्राप्त औजार तथा उपकरणका सहायताले सहभागी महिलाहरूलाइ तालिममा सिकेका सीप बमोजिम स्वयं व्यवसाय संचालन गर्नका लागि उत्प्रेरित गर्ने साथै प्रविधिको समस्या केहि हदसम्म भए पनि समाधान भइ व्यवसाय गर्नका लागि उत्प्रेरणा प्राप्त भएको छ ।

**खाँडादेवी गाउँपालिका**

| उद्यमीको नाम | ठेगाना |
|---|---|
| सन्तोषी खड्का | खाँडादेवी-३, डाँडाटोल |
| लक्ष्मी तामाङ | खाँडादेवी-५, नागीटोल |
| जुनिता खड्का | खाँडादेवी-३, डाँडाटोल |
| यशोधा श्रेष्ठ | खाँडादेवी-५, फुल्पा |
| सजिना तामाङ | खाँडादेवी-५, गोगनपानी |
| इश्वरी राउत खत्री | खाँडादेवी-६, स्कुलडाँडा |
| समिता भन्डारी | खाँडादेवी-६, खत्रीगाऊँ |
| उर्वशी वुढाथोकी | खाँडादेवी-६, च्यासीटोल |
| अनिता सुनाम नेपाली | खाँडादेवी-६, आगेटार |
| सीतामाया मानन्धर | खाँडादेवी-४, टारी |
| सपना मानन्धर | खाँडादेवी-४, मैदान |
| मन्दिरा तामाङ | खाँडादेवी-५, भोटेपानी |
| रीता शिवाकोटी | खाँडादेवी-४, ज्यामिरेटार |
| कुमारी तामाङ | खाँडादेवी-५, भोटेपानी |
| निरमाया मानन्धर | खाँडादेवी-४, मैदान |
| शुभद्रा गिरी | खाँडादेवी-४, खड्कुँले |
| अन्जली तामाङ | खाँडादेवी-३, तामाङटोल |

**सुनापती गाउँपालिका**

| उद्यमीको नाम | ठेगाना |
|---|---|
| शान्ति गौतम | सुनापती-१, स्वाँराटोल |
| सुविना तामाङ | सुनापती-१, तितुङटोल |
| मनिषा भन्डारी | सुनापती-१, सिमपानी |
| रमिता कार्की | सुनापती-१, हिर्केटार |
| कल्याणी गिरी | सुनापती-१, स्वारँटोल |
| रेजीना राय | सुनापती-१, रिसिङटोल |
| सानुमाया थापा मगर | सुनापती-१, मगर टोल |
| सुस्मिता चौलागाँई | सुनापती-१, सिमपानी |
| रन्जना तोलाङ्गे | सुनापती-४, आदर्शटोल |
| सरस्वती चौलागाँई | सुनापती-४, खड्काटोल |
| आयुशा कार्की | सुनापती-४, वैदारटोल |
| दुर्गा खत्री | सुनापती-४, डाँडाटोल |
| रीता पाण्डे | सुनापती-४, डाँडाटोल |
| मेलिना तामाङ | सुनापती-४, अम्मलडाँडा |
| सुनिता खत्री | सुनापती-४, मटौला |
| रश्मी थापा मगर | सुनापती-१, मगरटोल |
| लक्ष्मी माझी | सुनापती-१, ढोडीनी |
| उमा खत्री | सुनापती-४, बेथान |
| दुर्गा खड्का | सुनापती-४, वेथान |
| सम्झना तामाङ | सुनापती-४, वेथान |









## व्यवसाय शुरूवात सहयोग:

लामो अवधीको प्राविधिक सीप विकास तालिम प्राप्त गरेका युवाहरू मध्ये सूचकको आधारमा स्थानीयस्तरमा व्यवसाय संचालन गरी स्वरोजगार हुन चाहने युवाहरू मध्ये २५ जना युवाहरूलाई व्यवसाय सुरूवात गर्नका लागि परियोजनाको तर्फबाट औजार, उपकरण, फर्निचर लगायत सहयोग गरेको छ । हाल सुनापती र खाँडादेवी गाउँपालिकामा सिलाई-कटाई, व्युटिपार्लर, मोटरसाइकल मर्मत वर्कशप, मोटर रिवान्डिङ्ग वर्कशप जस्ता व्यवसायहरू शुरूवात भएका छन् ।







# व्यवसाय शुरूवात गर्ने उद्यमीहरूको विवरण

## खाँडादेवी गाउँपालिका

| नाम थर | ठेगाना | व्यवसाय | मुख्य सहयोग |
|---|---|---|---|
| अम्विका कुमारी मानन्धर | खाँडादेवी-४, माडीमुहान | सिलाइ | फर्निचर, मेसिन औजार |
| सबिता थापा महत | खाँडादेवी-६, स्कुलडाँडा | सिलाइ | फर्निचर, मेसिन औजार |
| रेजिना घिसिङ | खाँडादेवी-६, स्कुलडाँडा | कम्प्युटर | कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, क्यामेरा, फर्निचर |
| अनिशा दंगाल | खाँडदेवी-५, सिकारीडाँडा | ब्युटिपार्लर | फर्निचर र ब्युटिपार्लरका सामान |
| विश्व सुन्दरी सापकोटा | खाँडादेवी-५, पकरवास | ब्युटिपार्लर | फर्निचर र ब्युटिपार्लरका सामान |
| सुस्मा मानन्धर | खाँडादेवी-४, भिमसेनथान | सिलाइ | फर्निचर, मेसिन औजार |
| मन्जित/देव बहादुर माझी | खाँडादेवी-३, डव्खा | मोटर मर्मत | फर्निचर, टुल्स औजार |
| दिलमाया थामी | खाँडादेवी-७, बसेरी | ब्युटिपार्लर | फर्निचर र ब्युटिपार्लरका सामान |
| कृष्ण बहादुर मानन्धर | खाँडादेवी-४, माडीमुहान | मोटरसाइकल वर्कसप | फर्निचर, टुल्स औजार र एयर कम्प्रेसर |
| शंकर कार्की | खाँडादेवी-६, माकादुम | मोटरसाइकल वर्कसप | फर्निचर, टुल्स औजार र एयर कम्प्रेसर |
| मन्दिरा पौडेल | खाँडादेवी-३, लाक्पा | ब्युटिपार्लर | फर्निचर र ब्युटिपार्लरका सामान |
| रामकृष्ण श्रेष्ठ | खाँडादेवी-५, फुल्पा | मोटरसाइकल वर्कसप | ठूलो ५०० केजी एयर कम्प्रेसर मेसिन |
| मनोज श्रेष्ठ | खाँडादेवी-७, टिमु | इलेक्ट्रिसियन | फर्निचर, टुल्स औजार |

## सुनापती गाउँपालिका

| नाम थर | ठेगाना | व्यवसाय | मुख्य सहयोग |
|---|---|---|---|
| अन्जना थिङ | सुनापती-४, चारदोबाटो | सिलाइ | फर्निचर, मेसिन औजार |
| श्रवण कुमारी तामाङ | सुनापती-४, जोम्सा | सिलाइ | फर्निचर, मेसिन औजार |
| सजिना लामिछाने मगर | सुनापती-१, गराटी | सिलाइ | फर्निचर, मेसिन औजार |
| लक्ष्मी ढुङ्गेल | सुनापती-१, वोभिनी | सिलाइ | फर्निचर, मेसिन औजार |
| सपना नेपाली/कोपिला माझी | सुनापती-१, गुन्सि भदौरे | सिलाइ | फर्निचर, मेसिन औजार |
| मिलन श्रेष्ठ | सुनापती-३, हिलेदेवी | सिलाइ | फर्निचर, मेसिन औजार |
| लक्ष्मी तामाङ | सुनापती-४, भ्वाँसा | सिलाइ | फर्निचर, मेसिन औजार |
| सुरेश मोक्तान | सुनापती-३, हिलेदेवी | मोटर मर्मत | फर्निचर, टुल्स औजार |
| श्रवण मानन्धर | सुनापती-५, खनियापानी | मोटरसाइकल वर्कसप | फर्निचर, टुल्स औजार र एयर कम्प्रेसर |
| ल्हाप्साङ तामाङ | सुनापती-५, भिरकोट | मोटरसाइकल वर्कसप | फर्निचर, टुल्स औजार र एयर कम्प्रेसर |
| रजनी मोक्तान | सुनापती-३, काफ्लेखोला | ब्युटीपार्लर | फर्निचर र ब्युटिपार्लरका सामान |
| समिर श्रेष्ठ | सुनापती-२, मानपुर | इलेक्ट्रिसियन | फर्निचर, टुल्स औजार |



## ब्याक स्टपिङ सहयोग :

यस परियोजना अन्तरगत ७ दिने कृषि तालिम लिएका कृषकहरूलाई तालिम पश्चात् तालिममा सिकेका ज्ञान, सीप बमोजिम कृषिको सुधार तथा व्यवसायिकरणका लागि उत्प्रेरित गर्ने उद्देश्यले करिव रू. ३,०००/- (तीन हजार) बराबरको विभिन्न विउविजन, औजार, उपकरणहरू उपलब्ध गराएको छ । संचालित तालिमको आधारमा विउविजन, हजारी, फलफूलको विरूवा, काँटछाँट गर्ने औजार, आहरादानी, मौरीघार, महमदानी, उन्नत जातको बोका लगायत अन्य औजार तथा उपकरण सहयोग गरिएको थियो ।



## अगुवा कृषक छनौट तथा परिचालन :

७ दिने कृषि तालिम प्राप्त गरेका कृषकहरू मध्ये उत्कृष्ट कृषक छनौट गरी स्थानीयस्तरमा प्राविधिक जनशक्तिको साथै नमूना कृषकको रूपमा विकास गर्ने उद्धेश्यले २७ जना अगुवा कृषकहरू छनौट गरिएको छ । छनौट भएका कृषकहरूको नियमित वैठक बस्नुको साथै प्राविधिक सीप विकासका लागि आइपीएम तालिममा समेत सहभागि भएका छन् । साथै अगुवा कृषकहरूलाई नमूना फारम (फर्म) तयार गर्नका लागि समेत सहयोग पुऱ्याएको छ । साथै अगुवा कृषकहरूलाई नमूना फारम (फर्म) तयार गर्नको लागि समेत सहयोग पुऱ्याएको छ ।

| क्र.सं. | अगुवा कृषकको नाम | ठेगाना | नमूना फार्मको प्रकृति |
|---|---|---|---|
| १ | सूर्यप्रसाद गौतम | सुनापती-१, वोभिनी | फलफूल खेती |
| २ | अम्वर बहादुर मगर | सुनापती-१, गुन्सि भदौरे | बाख्रापालन |
| ३ | रोजबहादुर तामाङ | सुनापती-२, चाँपस्वारा | तरकारी खेती |
| ४ | मीना थापा | सुनापती-२, मानपुर | तरकारी खेती |
| ५ | राकेश ग्यापक | सुनापती-३, साँदी | वंगुरपालन |
| ६ | रन बहादुर मगर | सुनापती-३, स्वाँरा | बाख्रापालन |
| ७ | लालमाया तामाङ | सुनापती-४, भल्वाडी | बाख्रापालन |
| ८ | रामचन्द्र खड्का | सुनापती-४, भ्याँसा | तरकारी खेती |
| ९ | लालबहादुर मानन्धर | सुनापती-५, लिङ्गेडाँडा | मौरी पालन |
| १० | शान्ति मानन्धर | सुनापती-५, माझघर | तरकारी खेती |
| ११ | भवानी श्रेष्ठ | खाँडादेवी-१, सिरानटोल | तरकारी खेती |
| १२ | विमला कुमारी श्रेष्ठ | खाँडादेवी-१, बेलघारी | तरकारी खेती |
| १३ | हरि नारायण श्रेष्ठ | खाँडादेवी-२, मझुवा | बाख्रापालन |
| १४ | तेजबहादुर लामा | खाँडादेवी-२, निगालपानी | मौरीपालन |
| १५ | धन बहादुर माझी | खाँडादेवी-३, डव्खा | तरकारी खेती |
| १६ | तेजकुमारी सुनुवार | खाँडादेवी-३, सुनुवारखोक | कफी खेती |
| १७ | निर्मला श्रेष्ठ | खाँडादेवी-४, खोक | बाख्रापालन |
| १८ | अप्सरा खड्का कार्की | खाँडादेवी-४, टारी | तरकारी खेती |
| १९ | अम्विका कार्की | खाँडादेवी-५, गोगनपानी | बाख्रापालन |
| २० | टेक बहादुर श्रेष्ठ | खाँडादेवी-५, वेसिटोल | बाख्रापालन |
| २१ | रेशम खत्री | खाँडादेवी-६, खत्रीगाऊँ | कुखुरापालन |
| २२ | श्याम कुमार तामाङ | खाँडादेवी-७, टिमु | तरकारी खेती |
| २३ | अनुप रजान मगर | खाँडादेवी-७, धुसकोट | मौरीपालन |
| २४ | ज्ञानेन्द्र बहादुर कार्की | खाँडादेवी-८, धुलेवेसी | बाख्रापालन |
| २५ | कमल तामाङ | खाँडादेवी-८, गागल | तरकारी खेती |
| २६ | धावा घिसिङ | खाँडादेवी-९, अदुवाबारी | बाख्रापालन |
| २७ | सरीता कार्की | खाँडादेवी-९, गोगने | अदुवा वेसार खेती |

# परियोजना अभिमुखिकरण

परियोजनाले ३ वटा गाउँपालिकाहरू खाँडादेवी, सुनापती र दोरम्बा शैलुङ गाउँपालिका र गाउँपालिकाका सम्पूर्ण वडाहरूमा परियोजना अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको छ । उक्त अभिमुखिकरणमा पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरू र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी भएका थिए ।







# परियोजना अनुगमन

परियोजनाले संचालन गरेका गतिविधिहरूको गाउँपालिका, दातृ निकाय तथा अन्य सरोकारवालाहरूको सहभागितामा नियमति रूपमा अनुगमन गरिएको छ । विशेषतः संचालित तालिमहरू, युवा उद्यमीले संचालन गरेका व्यवसाय, कृषक तथा कृषक समूहहरूको वार्षिक संयुक्त परियोजना अनुगमन गरिएको थियो ।




## सूचना एवं पारदर्शिता

परियोजनाले पारदर्शिताका लागि प्रत्येक वडामा परियोजना सूचना पार्टी, पर्चा, पम्प्लेट, स्थानीय एफ.एम्. रेडियो, पत्र-पत्रिका तथा अनलाईन मिडीयाहरूमा परियोजनासँग सम्वन्धित गतिविधिहरू प्रकाशन तथा प्रसारण गरिएको थियो । साथै परियोजना गतिविधिहरू संस्थाको वेबसाईटमा पनि अद्यावधिक गरिएको छ ।

# दुङ्गा खोज्दा देवता मिल्यो झैं भयो !

रामेछाप जिल्ला सुनापती गा.पा. वडा नं. ४ अर्चले निवासी अन्जना थिङको परिवारमा श्रीमान, देवर र आफु सहित ३ जना मात्र छन् । परिवार सानो भएता पनि मात्र एक रोपनी बारी भएकोले खेतीपातीको उब्जनीबाट वर्ष भरी खान पुग्दैन । घर खर्च गर्न पनि समस्या भएकोले केही गर्नुपर्छ भन्ने सोचेर दिदीको सिलाइ पसलमा काम गर्दै गर्दा आफू पनि तालिम लिन पाए हुन्थ्यो र दिदी झैं व्यवसाय गर्न पाए पनि हुन्थ्यो भन्ने सोचि रहन्थे । आफुसँग आवश्यक सीप र प्रमाण पत्र नभएकोले गर्दा व्यवसाय सञ्चालन गर्न समस्या सकिरहेको थिएन ।

जव उनले आफ्नै वडामा युवा उद्यमशीलता प्रर्वद्धन परियोजनाको आयोजनामा ३९० घण्टे सिलाई कटाई तालिम सञ्चालन हुदै छ भन्ने कुरा थाहा पाइन तव तालिममा सहभागि हुन आवेदन गरिन । संस्थाको प्रकृया बमोजीम छनौट समेत भइन र ३९० घण्टे सिलाइ कटाई तालिम पुरा गरिन । वल्ल आफ्नो मनको अधुरा ईच्छा पुरा हुन लागेका महसुस गरिन र आफ्नै दिदीले विक्री गर्न लागेको पसल रू. ७०,०००।- (सत्तरी हजार) मा किनिन ।

उनको ईच्छा शक्ती र लगनिशिलता देखे पछि परियोजनाले उनलाई उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गऱ्यो । परियोजनाको तर्फबाट उनको व्यवसायलाई थप प्रवर्द्धन गर्ने उद्धेश्यले व्यवसायिक योजना समेत बनाइ **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) मार्फत आधुनिक जुकी मेसिन, पिको मेसिन, आइरन र फर्निचर सहयोग गऱ्यो । आफूलाई थप लगानीको आवश्यकता परेको वेलामा परियोजनाको तर्फबाट सहयोग प्राप्त हुदाँ धेरै सजिलो भएको महसुस गरेकी छिन् उनले । गाउँघरमै व्यवसाय गरेर २-४ पैसा कमाउन र स्वरोजगार हुन पाएकोमा खुशि हुदै उनि भन्छिन "हाल घर खर्च चलाउन सहज भएको छ, बचत पनि गरेको छु, आफु पनि काममा ब्यस्त भएको, श्रीमानसँग खर्च माग्न नपरेको, घर परिवार र समुदायले गर्ने व्यवहार पनि परिवर्तन भएको छ ।" उनले थपिन- " आफुले कमाउन लागे पछि श्रीमानले कमाएको रकम बचत भएकोले श्रीमान र घर परिवार सबै खुसी भएका छन्, परिवारको खुसी पैसासग जोडिएको हुने रहेछ भन्ने भोगाई भएको छ ।"




| | |
|---|---|
| नाम | अन्जना थिङ |
| ठेगाना | सुनापती गापा-४, वेथान |
| उमेर | २५ वर्ष |
| व्यवसाय | सिलाई-कटाई |
| स्थान | चारदोबाटो, वेथान |
| व्यवसाय प्रारम्भ | २०८०, जेष्ठ |

**तयारकर्ता : हरिमाया मगर**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# ईटाभट्टा छोडी शुरू गरे मोटरसाईकल मर्मत व्यवसाय

रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका वडा नं.-४, पकरबासमा १८ वर्ष अघि एक सामान्य परिवारमा जन्मेका कृष्ण मानन्धको परिवारमा बुबा, आमा, दाइ र दिदी सहित ५ (पाँच) जनाको परिवार छ । खेतीपातीबाट ६ महिना पनि राम्रोसँग खान नपुग्ने अवस्थाका कारण कलिलो उमेरमै उनि पढाई छोडेर ईटाभट्टा जान बाध्य भए । वाध्यतावस ईटाभट्टामा काम गर्न जानु पर्दा राम्रोसँग पढ्न मात्र पाइनन् कि ज्यादै जोखिम र कठिन काम गर्नु पऱ्यो । उनले ईटाभट्टाको काम छोडेर १६ बर्षको उमेरमा काठमाडौंको होटलमा वेटर काम समेत गरे । वेटर काम गर्दा साहुको नराम्रो व्यवहार र काम गरेको पैसा समयमा नदिने समस्या भोग्नु परेकाले उनि आफै कुनै व्यवसाय गर्न पाए हुन्थ्यो भन्ने सोचिरहन्थे । तर उनिसँग न त पैसा न कुनै सीप नै थियो ।

यसै वीचमा उनले सामुदायिक विकास समाजद्वारा संचालित "**प्राविधिक तथा व्यवसायिक सीप र कृषि तालिम मार्फत रोजगारी सिर्जना र उद्यमशीलता प्रबर्धन परियोजना**" मार्फत गाउँमा विभिन्न सीपमुलक तालिमहरू संचालन हुदै आएको थाहा पाए । आफु पनि तालिममा सहभागि भएर सीप सिक्ने विचारले मोटर सइकल मर्मत तालिमका लागि आवेदन गरे । आफुले खोजे रोजेको तालिम आफ्नो गाउँपालिका भित्र परेता पनि घरदेखि अलि टाढा संचालन भएको कारण बस्न खाना रू.२०,०००/- (बीस हजार) खर्च गरी ३९० घण्टे (मिति २०८० भाद्र ४ गते देखि मंसिर १५ सम्म) तालिम पनि लिए ।

शुभकार्यमा किन ढिला भने जस्तै तालिम पश्चात उनले घर परिवारबाट रू.५० हजार लगानी गरी मोटरसाईकल वर्कशप शुरू गऱ्यो । उनको ईच्छा शक्ती, जाँगर र मेहनत देखेर परियोजनाले उनलाई उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गऱ्यो । परियोजनाको तर्फबाट उनको व्यवसायलाई थप प्रवर्द्धन गर्ने उद्धेश्यले व्यवसायिक योजना समेत बनाइ **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) मार्फत वर्कशपका लागि आवश्यक सामाग्रीहरू सहयोग गऱ्यो । अहिले उनि दैनिक रू.५००/- देखी ७००/- सयसम्म आम्दानी गर्दै आएका छन् ।

कलिलो उमेर (१८ वर्ष) मै जिन्दगीमा धेरै पाठ सिकेको बताउने उनि थप्छन् "यही सीप र व्यवसायबाट आफु लगयत आफ्नो परिवारलाई पनि ईटाभट्टाको जोखिमयूक्त कामबाट छुट्कारा दिलाउने र खाँडादेवी गाउँपालिकाको कान्छो व्यवसाय बनेर विदेशिएका युवाहरूलाइै गाउँमा पनि केही गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्ने धोको छ ।"



| | |
|---|---|
| नाम | कृष्ण मानन्धर |
| ठेगाना | खाँडादेवी गापा-४, पकरबास |
| उमेर | १८ वर्ष |
| व्यवसाय | मोटरसाइकल मर्मत (वर्कशप) |
| स्थान | माडीमुहान, पकरवास |
| व्यवसाय प्रारम्भ | २०८०, मंसिर १४ |

**तयारकर्ता : गणेश बुढाथोकी**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# सिलाईले दिएको खुसी

रामेछाप जिल्ला सुनापती गा.पा.वडा नं. ४ बेथानको भ्वाँसाकी लक्ष्मी तामाङको २ छोरा, १ छोरी, श्रीमान र आफूसहित ५ जनाको परिवार रहेको छ । खेतीपातीको उब्जनीबाट ६ महिना मात्र खान पुग्ने र बाँकी समय किनेर खानु पर्ने हुँदा घर खर्च चलाउन पनि धौ धौ परेकोले श्रीमान बैदेशीक रोजगारीमा गएको भएता पनि सोचे जस्तो आम्दानी नभएकोले आफुले पनि केही गरी दुई पैसा कमाउन पाए हुन्थ्यो भन्ने लागिरहन्थ्यो । तर हातमा सीप नहुदाँ केह गर्न सकिराखेकी थिइनन् ।

वडामा सिलाई कटाई तालिम संचालन हुने कुरा थाहा पाए पछि उनले तालिम लिने विचार गरिन् । आवेदन गरिन् र तालिम लिन शुरू गरिन् । ३९० घण्टा पुरा गर्नु पर्ने र दैनिक हिडेर आउजाउ गर्नु पर्ने भएकोले कती कती बेला तालिम छोडु छोडु भै पनि भएको थियो रे उनलाई ।

सामुदायिक विकास समाजबाट मिती २०८० साल श्रावण २५ गते सुनापती ४ मा संचालन भएको सिलाई कटाई र सुनापती ३ मा सञ्चालन भएको ब्युटीपार्लर तालिमको सहभागीहरू लाई समेटी गठन गरेको सुनापती उद्यमसिल समूहको कोषाध्यक्ष पदको जिम्मेवारी लिएको र समूहको बैठक हरूमा समूहमा व्यवसाय गर्नु पर्छ भन्ने छलफल, सामुदायिक विकास समाजको कर्मचारी बाट पनि व्यवसाय गर्नु राम्रो हो भन्ने व्यवसायी परामर्श र आम्दानी गर्न घर बाट बाहिर निस्कनु पर्छ भनि पारिवारीक सल्लाह भएकोले रोडको छेउमा सटर खोजी २०८० मंसिर १० गते तामाङ रिती अनुसार सिलाइ पसल सुरू गरेको बताउनुहुन्छ । उनले सुरूमा सामान्य मेसिन राखेर सिलाइ सुरू गरेकी थिइन् । सामुदायिक विकास समाजले आवश्यक मेसीन औजारहरू आधुनिक जुकि मेसिन, पिको मेसिन, इन्टरलक, आइरन तथा आवश्यक फर्निचर र आफूले ३०,००० को कपडा राखि व्यवसाय अघि बढाएको बताउछिन् । व्यवसाय पश्चात् विस्तारै ग्राहकहरू बढ्ने क्रम रहेको र सुरूवात भएकोले मासिक आम्दानी ७,००० ले घर खर्च चलाउन सहज भएको जानकारी दिनुभयो । २ छोरा र १ छोरीको पढाई खर्च धान्न सहज बताउनुहुन्छ । व्यवसाय पश्चात् घर परिवार र समुदायले गर्ने व्यवहार पनि परिवर्तन भएको छ भन्नु हुन्छ ।

सहयोग गर्ने संघ संस्थाहरू प्रति विशेष धन्यबाद दिदै उनको जिवनमा परिवर्तनको सुरूवाती हुन लागेको मान्दछिन् । खेतीपाती मेलापात गर्दै जिन्दगी बिताई रहेका लक्ष्मी तामाङले यहि व्यवसायलाई सामान थप गरी अघि बढाउने बताउँछिन् ।




| | |
|---|---|
| नाम | लक्ष्मी तामाङ |
| ठेगाना | सुनापती गापा-४, वेथान |
| उमेर | ३२ वर्ष |
| व्यवसाय | सिलाई-कटाई |
| स्थान | भ्वाँसा बजार, वेथान |
| व्यवसाय प्रारम्भ | २०८०, मंसिर १० |

**तयारकर्ता : हरिमाया मगर**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# मासुपसल देखि मोटरसाइकल वर्कसपसम्म

रामेछाप जिल्ला सुनापती गा.पा. वडा नं. ५ खनियापानि मा ३० वर्ष अघि एक सामान्य परिवारमा जन्मेका ल्हाप्साङ तामाङको १ छोरा, श्रीमति र आमा सहित ४ जनाको परिवार रहेको छ। खेतीपातीको उब्जनीबाट वर्ष भरी खान नपुग्ने र वाँकी समय किनेर खानु पर्ने अवस्था भएकोले उनले गाउँमा नै मासु पसल संचालन गरे। मासु पसलबाट खासै सोचे जस्तो आम्दानी नभएकोले अन्य वैकल्पिक कामको खोजी गरिरहेको बेला मोटरसाइकल मर्मत तालिमको वारेमा जनकारी पाए। तर तालिमको लागि अर्को गाविसमा जानु पर्ने भएकोले खाना, बस्नको प्रवन्ध गर्नु पर्ने भयो। तालिम लिएर नयाँ व्यवसाय गर्ने तिव्र ईच्छा भएकोले खाना, बस्नको प्रवन्ध आफैले गरी तालिममा सहभागी भए।

१ दिन, २ दिन गर्दै ३९० घण्टे तालिम पनि सकियो। अब तालिममा सिकेको सीप बमोजिम व्यवसाय शुरू गर्नु पर्छ भनेर उनि उपयूक्त ठाउँको खोजिमा लागे। बजारको अध्ययन गरी सुनापती गाउँपालिका कार्यालयको छेउमा सटर खोजी गरी मोटर सइकल मर्मत वर्कशप पनि शुरू गरे। "विभिन्न ठाँउहरूबाट विभिन्न कामले गाँउपालिकामा आउने मोटरसाइकलमा आउने मानिसहरू आउछन् र व्यवसाय चल्छ भनी व्यवसाय सुरू गरेको बताउँछन् ल्हाप्साङ तामाङ।"

उनको ईच्छा शक्ती, जाँगर र मेहनत देखेर परियोजनाले उनलाई उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गऱ्यो। परियोजनाको तर्फबाट उनको व्यवसायलाई थप प्रवर्द्धन गर्ने उद्धेश्यले व्यवसायिक योजना समेत बनाइ **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) मार्फत वर्कशपका लागि आवश्यक सामाग्रीहरू सहयोग गऱ्यो। वर्कशप सुरूवाती चरणमा भएता पनि दैनिक खाली बस्नु नपरेको, सुरू गरेको मात्र १ महिनाको वीचमा ४ वटा मोटरसाईकलको इन्जीन मर्मत गरी विभिन्न प्रकारको पाटपुर्जा सहितको रू. ३० हजार जति आम्दानी गरेको, सामान र अन्य खर्च कटाएर रू.२० हजार जती नाफा भएको बताउनु हुन्छ। अन्य वर्कसपको भन्दा उनको सीप अझ वढि गुणस्तर रहेको छ भनेर अरूले भन्दिँदा सारै खुशि लाग्ने बताउनुहुन्छ। सकेसम्म किन विदेशिन, आफ्नै गाउँघरमा नै पौरख गरौ भनेर व्यवसाय थालेको बताउनछन् उनी। गाउँघरमा नै गरी खान्छु भन्ने युवाहरूलाई सच्चै गरी खाने वातावरण बनाउन सके विदेशिन युवाहरूको लर्को सायदै रोकिदो हा। हाम्रो तर्फबाट पनि व्यवसायिक सफलताको शुभकामना।



| | |
|---|---|
| नाम | ल्हाप्साङ तामाङ |
| ठेगाना | सुनापती गापा-५, खनियाँपानी |
| उमेर | ३० वर्ष |
| व्यवसाय | मोटरसाइकल मर्मत (वर्कशप) |
| स्थान | सुनापती-३, हिलेदेवी |
| व्यवसाय प्रारम्भ | २०८०, पौष २५ |

**तयारकर्ता : हरिमाया मगर**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# समय अनुसार चल्न सके भोकै बस्न पर्दैन

मिलन श्रेष्ठको आफू र श्रीमती सहित रामेछाप जिल्ला, सुनापती गाउँपालिका वडा नं ३, हिलेदेवीमा वस्छन् । उनि आफ्नै गाउँमा सिलाई कटाई व्यवसाय गदै आए पनि सिलाइ सम्वन्धी पूर्ण ज्ञान नभएको र सम्वन्धित प्रमाण पत्र पनि नभएकोले गर्दा ग्राहकको रोजाइ अनुसार डिजाइहरू सिलाउन नसकेको, अनुदान लिन, ऋण माग गर्न तथा व्यवसायिक रूपमा अघि वढ्न सकिरहेका थिएनन् ।

यसै वीच सामुदायिक विकास समाज (CDS) मार्फत जर्मन संघीय आर्थिक साहयता तथा विकास मन्त्रालय (BMZ) र चाइल्ड एड नेटवर्क (CAN) जर्मनीको आर्थिक सहयोग संचालित प्राविधिक तथा व्यवसायिक सीप र कृषि तालिम मार्फत रोजगारी सृजना र उद्यमशीलता प्रर्वद्धन परियोजना मार्फत सिलाइ कटाई सम्वन्धी ३९० घण्टे तालिम संचालन हुने थाहा पाए पछि तालिम लिने विचार गरे । यद्यपी तालिममा सहभागि हुन हाल गरिरहेको काममा पनि वाँधा पुग्ने र दैनिक घरबाट २ घण्टा हिडेर आउन जान पर्ने चुनौतिलाई पनि पन्छाएर तालिमलाई सफलता र सक्रियताका साथ पुरा गरी छाडे ।

तालिम पश्चात थप सीप हासिल भएकोले ग्राहकको छनौट अनुसारको कपडा सिलाउन समस्या नभएको र लेङ्गा, कुर्ता, ब्लाउज, सर्ट, पाइन्ट लगायत सिलाउन सहजता आएको र सीप परीक्षण मार्फत प्रमाण पत्र पनि प्राप्त भए पछि व्यवसाय दर्ता तथा अनुदान सहयोगहरू प्राप्त गर्न समेत सहज हुने उनको विश्वास छ । तालिम पश्चात परियोजनाले उनलाई उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गरी व्यवसायलाई थप प्रवर्द्धन गर्न व्यवसायिक योजना बनाउने र **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) पनि पाएकोमा उत्साहित भएका छन् । उनि भन्छन्- परियोजनाबाट तालिमसगै जुकी मेसिन, आइरन, पिको तथा फर्निचर प्राप्त पश्चात् व्यवसायमा झनै काम गर्न छिटो र सहजता भएकोले आम्दानीमा समेत बृदि भएको छ ।" "पहिले **मासिक २० देखी २५ हजार आम्दानी हुन्थो भने हाल ३० देखी ३५ हजारसम्म आम्दानी हुने गरेको छ, काम गर्न मात्र सक्नु पर्छ, काम भ्याई नभ्याई छ"** उनले थपे । तालिम पश्चात बिहान बेलुकाको समय मिलाएर गाउँपालिकाले सञ्चालन गरेको २ महिनाको सिलाई कटाई र १ महिनाको बुटिक तालिमको प्रशिक्षक भएर रू.१ लाख ५० हजार कमाएको कुरा पनि सुनाए । भावि योजना सुनाउदै भने "व्यवसायलाई उपयुक्त स्थानमा सारी सामानहरू थप्ने र अरूलाई पनि रोजगार दिने हिसावले व्यवसाय अघि बढाउने योजना मात्र हैन यहि व्यवसाय मार्फत शहरमा पक्कि घर बनाउने योजना छ ।" भगवानले पनि "तँ आँट, म पुऱ्याउछु" भन्छ भन्ने भनाई छ, तपाईको योजना सफल रहोस् शुभकमना ।



| | |
|---|---|
| नाम | मिलन श्रेष्ठ |
| ठेगाना | सुनापती गापा-३, हिलेदेवी |
| उमेर | ३४ वर्ष |
| व्यवसाय | सिलाई-कटाई |
| स्थान | सुनापती गापा-३, हिलेदेवी |
| व्यवसाय प्रारम्भ | २०८०, पौष २५ |


**तयारकर्ता : हरिमाया मगर**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# सफल व्यवसायी बनेर देखाउने रेजिनाको मनसुवा

रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका वडा नं.-७ नागीमा २० वर्ष अघि एक सामान्य परिवारमा जन्मेकी रेजिना घिसिङ अहिले स्नातक दोस्रो वर्षमा अध्ययनरत छिन् । सानमै मातृवियोग सहनु परेको उनको परिवारमा आमाको मृत्यु पछि जीवन साथी घुमाउदाको पिडाले होला । बुबाले पनि जाँड रक्सी पिउने, गाउँघर डुल्ने काम धन्दा केहि काम नगरे पछि उनको घरमा चुलो बल्न सा-हे गाह्रो हुन थाल्यो । बहिनी र भाइ हुर्काउने जिम्मेवारी उनको काँधामा आइलाग्यो । घरमा अरू कसैले कमाएर ल्याउने अवस्था नभए पछि घरमा बस्न तथा पढ्न समेत सा-हे मुस्किल भयो । अन्ततः उनी भाइ र बहिनी सहित मामा घरमा जान विवश भइन र हालसम्म पनि मामा घरमा नै वस्दै आइरहेकि छिन् ।

पढाई संगसंगै केही सीप भए जीवन जीउनका लागि सहज हुने थियो भन्दै सोची रहेका बेला कम्प्यूट हार्डवयर तथा सफ्टवयेर तालिम संचालन हुन लागेको थाहा पाए पछि तालिममा सहभागि हुने विचार गरिन । नभन्दै उनि तालिममा छनौट पनि भइन र ३९० घण्टे तालिम २०८० श्रावण ०३ गते पुरा गरिन ।

**तालिम पश्चात** व्यवसाय गर्ने मन भए आर्थिक समस्याका कारण व्यवसाय शुरू गर्न नसक्दा तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उर्तान नसकेकोमा धेरै चिन्ता लागिरहेको बेला **परियोजनाले** तालिम मात्र नभएर व्यवसाय गर्न पनि सहयोग गर्छ भन्ने कुराको सम्झना आयो । उनले नजिकै विद्यालय र वडा कार्यालय पनि भएकाले टाइपिङ, फोटोकपी, लेमिनेशन, फोटो खिच्ने, स्ट्याम्प बनाउने लगायत मसलन्द व्यसाय शुरू गर्ने विचार गरिन र थप सहयोगका लागि संस्थालाई पनि अनुरोध गरिन । उनको व्यवसायिक योजना, तालिममा हासिल गरेको सीप, आत्मबल र सम्भाव्यताको आधारमा परियोजनाले उनलाई पनि उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गरी **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) प्रदान ग-यो । हाल उनि खाँडादेवी गा.पा, वडा नं. ६, माकादुममा रेजिना आईटी सोलुशन एण्ड स्टेशनरी नामक पसल संचालन गरेकि छिन् । व्यवसायबाट अहिले मासिक रू.७ देखी ९ हजारसम्म आम्दानी गरिहेकी उनले कम्प्यूटर सम्बन्धी अझ थप सीप सिकेर विद्यार्थी तथा ईच्छुक सबैलाई डिजाईन लगायत आधारभूत कम्प्यूटर कोर्ष पनि सिकाउने सोच र यही व्यवसायलाई निरन्तरता दिई आफु लगायत आफना बहिनी र भाइलाई पढाउने योजना बनाउकि छिन् । सीप र व्यवसायको लागि सहयोग गरेर आत्मा निर्भर बन्नमा उत्प्रेरित गर्ने **सामुदायिक विकास समाज तथा चाईल्ड एड नेटवर्क जर्मनी** धेरै धेरै धन्यवाद दिदै उनि भन्छिन "संस्थाले गरेको विश्वास कहिल्यै तोड्दिन र सफल व्यवसायि बनेर देखाउछु ।"



| | |
|---|---|
| नाम | रेजिना घिसिङ |
| ठेगाना | खाँडादेवी गापा-६, माकादुम |
| उमेर | २० वर्ष |
| व्यवसाय | फोटोकपी, लेमिनेशन, स्टेशनरी |
| स्थान | खाँडादेवी गापा-६, माकादुम |
| व्यवसाय प्रारम्भ | २०८०, पौष २५ |

**तयारकर्ता : गणेश बुढाथोकी**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# गाउँमै बसेर कमाउने, जमाउने र रमाउने ईच्छा छ ।

हाल २३ वर्ष पुगेका श्रवण मानन्धरले घरखर्च चलाउनकै लागि १२ वर्षको उमेरदेखि होटल, ईँटाभट्टा, हार्डवेयर पसलमा काम गरे । संयूक्त परिवारमा बस्दै आएका उनको परिवारमा एक छोरा, श्रीमती, आमा, वुवा, दिदी र भाइहरू गरी ८ जना रहेको छ । कृषि उब्जनीबाट जम्मा ३ महिना मात्र खान पुग्ने भएकोले सानैदेखि काममा लाग्नु परेको उनले केही सयमदेखि भने गाउँमा नै सानो इलेक्ट्रोनिक पसल सञ्चालन गरिरहेको थियो । यद्यपी ठुलो परिवारलाई इलेक्ट्रोनिक पसलको मात्र आम्दानीले धान्न गारो भएकोले उनि अरू कुनै व्यवसाय पनि संचालन गर्ने सोचमा थिए । ठिक त्यसै वेला छिमेकी गाउँपालिकामा मोटरसाइकल मर्मत तालिम संचालन हुने जानकारी पाए पछि तालिम लिएर मटरसाइकल वर्कशप खोल्ने सोच सहित तालिममा सहभागि हुने विचार गरे । छिमेकी गाउँपालिकामा नै गएर कोठा लिएरै ३९० घण्टे मोटरसाइकल मर्मत तालिम लिए ।

तालिम पश्चात पूर्वबाट काठमाडौ जाने मुख्य सडक भएकोले प्रसस्त मात्रामा मोटर साईकल/स्कुटर गुड्ने भएकोले अवश्य व्यवसाय चल्छ भन्ने सोचेर विपी हाइवेमा पर्ने सुनाकोशि गाउँपालिका वडा नं १, दुम्जा, नेपालथोकमा मोटरसाइकल वर्कसप खोले । उनको व्यवसायिक योजना, तालिममा हासिल गरेको सीप, आत्मबल र सम्भाव्यताको आधारमा परियोजनाले पनि उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गरी **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) प्रदान गऱ्यो । जस अन्तरगत मोटरसाइकल वर्कशपका लागि आवश्यक विभिन्न औजार, उपकरण, सामाग्रीहरू प्राप्त गरे ।

व्यवसाय भर्खर भर्खरै (२०८० पौष २९) शुरूआत गरेका भएता पनि दैनिक खाली बस्नु नपरेको उनले बताए । उनले थपे "माघ महिनामा रू.६० हजार बराबरको कारोबार गरी रू.२५ हजार नाफा भयो । म जतीको एउटा युवालाई तालिमसगै व्यवसायको लागि सहयोग गरी गरिखाने बाटो दिएकोमा सबै सबैमा धन्यवाद दिन्छु । गाउँमै बसेर कमाउने, जमाउने र रमाउने ईच्छा छ ।" वास्तवमा श्रवण मानन्धर जस्ता पौरखी युवाहरूलाई साधुवाद छ ।




| | |
|---|---|
| नाम | श्रवण मानन्धर |
| ठेगाना | खाँडादेवी गापा-६, माकादुम |
| उमेर | २३ वर्ष |
| व्यवसाय | मोटरसाइकल वर्कशप |
| स्थान | दुम्जा, नेपालथोक, सिन्धुली |
| व्यवसाय प्रारम्भ | २०८०, पौष ९ |

**तयारकर्ता : गणेश बुढाथोकी**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# ईट्टाभट्टामा कामदार हैन, व्यवसाय गरी आफै मालिक बन्ने सोचमा सुस्मा !

सुष्मा मानन्धर सासु-ससुरा, नन्द, देवर र श्रीमान, १ छोरा, १ छोरी सहित खाँडादेवी गाँउपालिका वडा नं ४, पकरबास भिमसेनथानमा वस्छिन् । बिवाह गरेर आएदेखि नै ईट्टाभट्टामा काम गरेर गुजार चलाइ रहेकी सुस्माको छोरा पनि ईट्टाभट्टामा काम गर्दा गर्दै जन्मे र त्यहिँ हुर्किए, अहिले ११ बर्ष पुगेको छ । छोरा स्कुल जाने बेला भएपछि गाँउमा फुपु दिदिसँग राखेर आफु ईट्टाभट्टामा जाने गर्थिन् । ईट्टाभट्टामा जाँदा जादै छोरी पनि जन्मिइन् । जीविकोपार्जनका लागि ईट्टाभट्टामा काम गर्न जनु पर्नाले छोराको पढाइमा पर्याप्त ध्यान दिन नसकेको पीडा व्यहोरेकी उनलाई अव छोरीको पनि शैक्षिक भविष्यको चिन्ताले थप पिरोल्यो । छोरीलाई पनि साथमा लगेर ईट्टाभट्टामा जानु पर्ने वाध्यताले उनलाई ठूलो चिन्ता लाग्यो । घरगाउँमै केही गर्न पाएँ कम्तिमा छोरा छोरीलाई विद्यालयमा राम्रोसँग पढाउन त पाइन्थ्यो उनि भुटभुटिन्थिन । तर न हातमा कुनै सीप र साथमा पैसा ! चिन्तामा मात्र नथेक्ने भए पनि उनि छट्पटाउथिन न केही उपाय लाग्छकी भनेर । बेला बेलामा भगवान समेत पुकार्थिन ।

न उनको पुकार सुनेर हो वा संयोग मात्र, एकदिन छिमेकी दिदिले गाँउमा सिलाई तालिम आएको सुनाएपछि उनी खुसी हुदै कहाँ, कसले तालिम संचालन गरेको भनेर बुझ्न नजिकैको वडा कार्यालय गइन् त्याँहा सुचना पोस्टर टाँसेको देखेर त्यो पोस्टरमा भएको नम्बरमा फोन गरी सबै जानकारी लिइन् । घर परिवारमा सल्लाह गरेर परिवारका सदस्य सबैले जानु भनेर हौसला मात्र हैन सासुले पनि म नानी हेदिन्छु, तिमी सिलाई कट्टाई तालिम लिन जानु भने पछि साह्रै खुशी भए तालिममा सहभागि भइन् ।

तालिम पछि उनले सिलाई कटाई व्यवसाय शुरू गरिन । तालिममा हासिल गरेको सीप, आत्मबल र सम्भाव्यताको आधारमा परियोजनाले पनि उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गरी **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) प्रदान गऱ्यो । जस अन्तरगत मेसिन, आइरन, कटिङ टेबुल, सोकेश, लक मेसिन, ऱ्याक, कैची, फित्ता लगाएत आवश्यक फर्निचारहरू प्राप्त गरिन् । उनि अहिले तन, मन र धन लगाएर आफ्नो व्यवसायलाई सफल बनाउन लागेकि छिन् । उनि भन्छिन-जीवनको आधा उमेर त ईट्टाभट्टामा गएर नै वित्यो, अब पनि त्यसरी नै वित्ने हो कि भन्ने मनमा बेला बेलामा चिन्ता लाग्थ्यो ! तर आज आएर मेरो जीवन नै परिवर्तन गरिदिएको छ । अहिले घरैमा बसी बसी मासिक ५/६ हजार कमाई हुन्छ, ईट्टाभट्टाको कष्ट पूर्ण दुख भन्दा त यो धेरै राम्रो लागेको छ । अरू भन्दा पनि छोरा छोरीले राम्रोसँग पढ्ने अवसर प्राप्त गरेको छ ।

अहिले पनि उनको परिवारका अन्य सदस्यहरू ईट्टाभट्टामा नै काम गर्छन् । भविष्यमा आफ्नो व्यवसायलाई थप विस्तार गरी मनग्ये आम्दानी गर्ने र परिवारका अन्य सदस्यलाई समेत ईट्टाभट्टामा जानु नपर्ने गरी रोजगार सृजना गर्ने मनसुवा समेत लिएकि छिन् उनले ।




| | |
|---|---|
| नाम | सुष्मा मानन्धर |
| ठेगाना | खाँडादेवी गापा-४, पकरवास |
| उमेर | ३० वर्ष |
| व्यवसाय | सिलाई कटाई |
| स्थान | खाँडादेवी गापा-४, पकरवास |
| व्यवसाय प्रारम्भ | २०८०, पौष २८ |

**तयारकर्ता : सम्झना बस्नेत**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# व्यवसायबाट आफ्नो परिवार पाल्न सक्ने आँट आएको छ ।

३५ वर्षिय सुरेश तामाङ, एक छोरा, एक छोरी र श्रीमतीको साथमा रामेछाप जिल्ला सुनापती गा. पा. वडा नं. ३ हिलेदेवीमा बस्छन् । सामान्य परिवारमा जन्मेका उनको आर्थिक अवस्था खेतीपातीबाट ८ महिना भन्दा वढी खान नपुग्ने र बाँकी महिना किनेर खानु पर्ने अवस्था छ । खेतीपातिको साथमा हाउस वाईरिङको काम गर्दै दैनिकी गुजारिरहेका चलाइरहेको उनले थप अरू कुनै पेशा व्यवसाय गर्न पाए हुन्थ्यो भन्ने सोचले अवसरहरूको खोजीमा थिए । सोही वखत सामुदायिक विकास समाज अन्तरग प्राविधिक तथा व्यवसायिक सीप र कृषि तालिम मार्फत रोजगारी सृजना र उद्यमशीलता प्रर्वद्धन परियोजनाले गाउँगाउँमा युवाहरूलाई लक्षित गरी विभिन्न सीपमुलक तालिमहरू संचालन गरी सीपयूक्त बनाउने साथै तालिम पश्चात व्यवसायिक रूपमा अघि वढ्न समेत आवश्यक परामर्श तथा सहयोग गर्ने कुराको जानकारी पाए पछि उनले पनि तालिम लिने निर्णय गरे । ३९० घण्टे मोटर रिवाईन्डिङ तालिममा सहभागि भए ।

तलिम प्रश्चात गाउघरमा भएका मिलका मोटर, पानी तान्ने मोटर, पङ्खा आदि मर्मत गर्न् र आवश्यक पर्दा हाउस वाईरिङका कामहरू समेत गर्न थाले । तालिम लिएको भन्ने वित्तिकै उनी प्रतिको विश्वास बढ्यो, समुदायले मोटर मर्मत लगायत वाईरिङका कामहरूमा बोलाउन थाले । उनले भने "पहिला तालिम नलिदा गाउमा बत्तीको काम गर्न बोलाउथे दिनभरी काम गऱ्यो हिड्ने बेलामा १-२ सय दिदै चिया खाएर जा भन्नेहरू अहिले दिनको कति लिने गरेका छौ ? भनेर सोध्ने गरेको छन् ।" उनि थप्छन् -तालिम पश्चात मोटर बनाउनेदेखी नयाँ घरहरूमा बत्तीको काम गर्नका लागि सामान स्टमेटदेखी कामको पुरै जिम्मा दिन बोलाउने पनि गरेको छ । उनले थप "अहिले मासिक रूपमा रू.१५ देखी २० हजारसम्म कमाइ हुने गरेको छ ।"

उनको सीप, आत्मबल र मेहनतको आधारमा परियोजनाले पनि उत्कृष्ट प्रशिक्षार्थी र नमूना व्यवसायीको रूपमा छनौट गरी **व्यवसाय शुरूआती सहयोग** (Business Startup Support) प्रदान गरेको छ । जस अन्तरगत आवश्यक सामाग्रीहरू तथा फर्निचर उपलव्ध उपलव्ध गराइएको छ । परियोजनाको सहयोग पश्चात कामका लागि आवश्यक औजार उपकरण मात्र हैन सेवाग्राहीलाई आवश्यक पर्ने सामाग्रीहरू समेत आफैले उपलव्ध गराउन सक्ने गरी पसल समेत राखेका छन् उनले । "आफ्नै पसलबाट सामान लग्दा दोहोरो आम्दानी समेत हुने भएको छ, यही व्यवसायबाट आफ्नो परिवार पाल्न सक्ने आँट आएको छ" उनले भने ।



| | |
|---|---|
| **नाम** | **सुरेश तामाङ** |
| **ठेगाना** | **सुनापती गापा-३, हिलेदेवी** |
| **उमेर** | **३५ वर्ष** |
| **व्यवसाय** | **मोटर रिवान्डिङ तथा वायरिङ्ग** |
| **स्थान** | **सुनापती गापा-३, हिलेदेवी** |
| **व्यवसाय प्रारम्भ** | **२०८०, पौष २८** |

**तयारकर्ता : हरिमाया मगर**
उद्यम विकास सहजकर्ता, सामुदायिक विकास समाज

# मुख्य उपलब्धिहरू

- सन् २०२३ भित्र खाँडादेवी तथा सुनापती गाउँपालिकाका २९३ जना युवा हरूले ३९० घण्टे प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम प्राप्त ।
- ३८ जना युवाहरूले छोटो अबधिका प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम प्राप्त गर्न सफल ।
- प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम प्राप्त गरेका सहभागिहरू मध्ये ६०.३९ प्रतिशत महिलाहरूको सहभागिता रहनु ।
- ३२२ जना युवालाई प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम संग-संगै ७ दिनको Intensive Business course & Life Skill तालिम प्रदान गरी उद्यमशीलता प्रबर्धन गराउनका सफल ।
- ११ वटा बिषयका १७१ युवाहरूको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्संगको समन्वयमा तह-१ को सीप परीक्षा सञ्चालन गरी १४८ जना अर्थात ८६.५४ प्रतिशत उत्तिर्ण ।
- प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम प्राप्त गरेका युवाहरू मध्ये २५ जना युवाहरूलाई व्यवसायिक सहयोग प्रदान साथै २७ जना युवाहरूले व्यवसाय संचालन ।
- ७ दिने तालिम प्राप्त गरेका ७१९ जना कृषकहरूले कृषिमा विभिन्न सुधारात्मक कार्यको थालनी ।
- प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम प्राप्त गरेका मध्ये ६३ जना युवाहरू काठमाण्डौ, ललितपुर, भक्तपुर तथा देशका अन्य स्थानमा रोजगारीमा आवद्ध गराउन सफल ।
- सीलाइ कटाइ तालिम प्राप्त गरेका सुनापती तथा खाँडादेवी गाउँपालिकाका युवा महिला प्रशिक्षार्थिहरूलाई प्राप्त सीपको निरन्तरताका लागि औजार तथा उपकरण प्रदान ।
- ७ जना युवा सहभागिहरूको सीपलाई थप परिस्कृत बनाउन १ महिना On the Job (OJT) का लागि विभिन्न व्यवसायिक संस्थाहरूमा पठाउन सफल ।
- कृषि तालिम प्राप्त गरेका ६२३ जना कृषकहरूलाई ब्याकस्टपिङ सहयोग ।
- २७ जना अगुवा कृषकहरू छनौट गरी उनिहरूको क्षमता विकासका लागि त्रैमासिक बैठकहरू सञ्चालन ।
- ९ वटा उद्यमी तथा कृषक समूहहरूको गठन गरी १६५ जना कृषक तथा उद्यमीहरू संगठित हुनु ।
- गाउँपालिका लगायत सरोकारवाला निकायसँग सहकार्य र सुमधुर सम्बन्ध स्थापीत ।
- वार्षिक कार्ययोजना बमोजिम अधिकांश ८४ प्रतिशत योजनाहरू कार्यान्वयन गर्न सफल ।













खाँडादेवीमा सञ्चालित ३ महिने विद्युतीय मोटर रिवाइण्डिङ तालिम सम्पन्न

## कृषकलाई ब्याडको बोका प्रदान

**रामेछाप–** खाँडादेवी गाउँपालिका–७ का बाख्रा पालक कृषकहरुका लागि ब्याडको बोका प्रदान गरिएको छ । खाँडादेवी गाउँपालिकासँगको सहकार्यमा बिएम जेट जर्मन, चाइल्ड एड नेटवर्क फाउण्डेसन नेपाल (क्यान) को आर्थिक सहयोगमा सामुदायिक विकास समाज सिडिएस मन्थली मार्फत सञ्चालित स्किल नेपालको प्राविधिक सहकार्य तथा व्यवसायिक तथा प्राविधिक सीप र कृषि तालिम मार्फत रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्धन परियोजना अन्तर्गत कृषकलाई ब्याडको बोका प्रदान गरिएको हो ।

सामुदायिक विकास समाज सिडिएसको आयोजना तथा स्किल नेपालको प्राविधिक सहकार्यमा २०७९ पौष १३ गतेदेखि १९ गतेसम्म सञ्चालन गरिएको ७ दिने बाख्रा पालन तालिममा सहभागि कृषकहरुका लागि जमुनापारी जातका २ वटा ब्याडको बोका वितरण गरिएको सामुदायिक विकास समाजमा फिल्ड संयोजक सुकराम घिसिङले जानकारी दिए । घिसिङका अनुसार तालिम लिएका १७ जना कृषकहरुका लागि ४५ हजार रुपैंयाँको २ वटा बोका सहयोग गरेको हो ।

बोका वितरण कार्यक्रमका प्रमुख अथिति वडा अध्यक्ष शिरे तामाङ ... संयोजक घिसिङले बताए ।

खाँडादेवीमा ३ महिने कुक तथा टेलरिङ तालिम



# सामुदायिक विकास समाज

## प्राविधिक तथा कृषि तालिम मार्फत रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धन परियोजना

मन्थली, रामेछाप

९७७-४८-५४००५४/५४०३३०

cdsramechhap2058@gmail.com

www.cdsramechhap.org.np